# नयाँ आयाम मल्टी-डिसिप्लिनरी इन्स्टिच्युट प्रा. लि.

## गोकर्णेश्वर, काठमाडौं, नेपाल

## ४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु**

मिति २०८२ साल चैत्र ०२ गते बसेको **नयाँ आयाम मल्टी-डिसिप्लिनरी इन्स्टिच्युट प्रा. लि.को** संचालक समितिको १६ औं बैठकको निर्णयानुसार यस शैक्षिक संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिल बमोजिमको बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८२ साल चैत्र २९ गते (तद्नुसार १२ अप्रिल २०२६), आइतवार।

समय : दिउसो १:०० बजे।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गोकर्णेश्वर ७, जोरपाटी, काठमाडौं।

**छलफलका बिषयहरु:**

**१. साधारण सभा प्रस्तावहरु**

क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन (आ.व. २०८१।०८२) उपर छलफल गरी पारित गर्ने ।

ख) आ.व. २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सहित ३२ आषाढ २०८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणहरु (संलग्न अनुसूची सहित) छलफल गरी पारित गर्ने ।

ग) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२।०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्न सिफारिस अनुसार नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा ५१ बमोजिमको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ङ) नयाँ संचालक समिति (संचालकहरु)को निर्वाचन गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) संस्थाको प्रवन्धपत्र तथा नियमाबली संशोधन गर्ने ।

ख) संस्थाको नियमावली संशोधन गर्न लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) संस्थाले अन्य कुनै उपयुक्त आवश्यक संस्थालाई प्राप्ति (Acquisition) गर्ने, संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याँकन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था हितका लागि गरिने खरिद, विक्रि एक्विजिशन गर्ने समभदारीपत्र तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रकिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

घ) संस्थाको विभिन्न क्षेत्रहरूमा सुधार तथा सुदृढीकरणका लागि आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्ने तथा सो सम्बन्धी आवश्यक निर्णय गर्ने अधिकार सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**३). विविध ।**

# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. साधारण सभालाई ध्यानमा राखी मिति २०८२/१२/२८ गते १ दिन संस्थाको शेयरधनी दर्ता किताव बन्द रहने छ । मिति २०८२/१२/२२ गतेसम्म कारोबार भई म्यादभित्र यस संस्थाको शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सभामा भाग लिन पाउने छन् ।
२. मिति २०८२ चैत २२ गतेदेखि २०८२ चैत २९ गतेसम्म वा साधारण सभा सम्पन्न नहुन्जेल सम्म कम्पनीको शेयर दाखिला खारेज बन्द गरिएको छ ।
३. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
४. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि फारम भरी साधारण सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि (मिति २०८२ साल चैत्र २७ गते १ बजे भित्र) संस्थाको केन्द्रीय कार्यालय (कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ आयाम मल्टी डिसिप्लिनरी इन्स्टिच्युट प्रा.लि., जोरपाटी, गोकर्णेश्वर ७, काठमाडौ) मा दर्ता गराई सक्नु पर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन्, यसरी दिइएको प्रोक्सी बदर हुनेछ । उक्त दिन सार्वजनिक विदा परेको खण्डमा पनि उक्त प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालय (कम्पनीको रजिष्टर्ड कार्यालय नयाँ आयाम मल्टी डिसिप्लिनरी इन्स्टिच्युट प्रा. लि., जोरपाटी, गोकर्णेश्वर ७, काठमाडौ) मा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै (मिति २०८२ साल चैत्र २७ गते १ बजे भित्र) दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
७. एक भन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न सक्नेछन् । कम्पनीको हकमा आधिकारीक पत्र साथ उपस्थित हुनु पर्नेछ ।
८. नााबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।
९. सभा सम्बन्धमा थप जानकारीका आवश्यक परेमा कार्यालय समय भित्र संस्थाको रजिष्टर्ड कार्यालय, जोरपाटी, गोकर्णेश्वर ७, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

१०. छलफलको विषय अर्न्तगत विविध शीर्षकका सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनु भन्दा ७ (सात) दिन मिति २०८२ साल चैत्र २२ अगावै कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

११. सभा सम्वन्धी अन्य काम कार्यवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१२. सुरक्षाको दृष्टिकोणले सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले यथासक्य झोला प्याकेट आदि नलिई आउनहुन अनुरोध छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा अन्यथा नलिई सहयोग गरिदिन हुन समेत अनुरोध गरिन्छ ।

**पुनश्चः**

शेयरधनी महानुभावहरुले कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, जोरपाटी, गोकर्णेश्वर ७, काठमाडौंमा उपस्थित भई वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्तगर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु संस्थाको website: www.nami.edu.np मा पनि हेर्न सक्नुहुनेछ ।

निर्वाचन सम्वन्धमा सम्पुर्ण प्रक्रिया निर्वाचन अधिकृतको कार्यालयवाट हुनेछ । निर्वाचन अधिकृतको कार्यालय साधारण सभा हुने स्थल नामी कलेज, जोरपाटी, गोकर्णेश्वर ७, काठमाडौं परिसरमा रहने जानकारी गराइन्छ।

निर्वाचन सम्बन्धी कार्यक्रम छुट्टै प्रकाशन गरिनेछ। निर्वाचन सम्बन्धी कार्यक्रम वार्षिक साधारण सभा हुने दिन वा निर्वाचन सम्बन्धित समयमै निर्वाचन अधिकृतको कार्यालयबाट प्रकाशित गरिने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सूचित गरिन्छ।

संचालक समितिको आज्ञाले
(कम्पनी सचिव)

**सूचना प्रकाशित मितिः २०८२ चैत्र १४ गते शनिवार**

nami

### कम्पनी ऐन २०६३ को दफा ७१ सँग सम्बन्धित

श्री संचालक समिति,
नयाँ आयाम मल्टी-डिसिप्लिनरी इन्ष्टिच्युट प्रा.लि.
नयाँ बानेश्वर ३१, काठमाडौं, नेपाल

### विषय : प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।

महाशय,

............................जिल्ला .......................................म.न.पा / उ.म.न.पा / न.पा / गा.पा. वडा नं .......बस्ने म / हामी............................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८२/१२/२९ गते आईतवार का दिन हुने चौथो वार्षिक साधारण सभामा म / हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो / हाम्रो तर्फबाट भागलिन तथा मतदान गर्नका लागि ........................... जिल्ला .............................. म.न.पा./ उ.म.न.पा / न.पा. / गा.पा. वडा नं. ........ बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................................ शेयरधनी परिचय /प्रमाण पत्र नं. ................. लाई मेरो / हाम्रो तर्फबाट प्रतिनिधि मनोनित गरि पठाएको छु / छौ ।

**<u>प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः</u>**

**हस्ताक्षरको नमूनाः**

शेयरधनी नंः

शेयरधनी शेयर प्रमाणपत्र नंः

**निवेदक**

दस्तखतः

शेयरधनी नामः

ठेगानाः

शेयरधनी नंः

शेयरधनी प्रमाणपत्र नं.

कि.नं. .................. देखि .................... सम्म

शेयर संख्या :

मिति :

कृपया यहां काट्नुहोस् ✂..............................................................................................

nami

नयाँ आयाम मल्टी-डिसिप्लिनरी इन्ष्टिच्युट प्रा.लि.
नयाँ बानेश्वर ३१, काठमाडौं, नेपाल

### प्रवेश पत्र

शेयरधनीको नाम : श्री ...................................................... शेयरधनीको परिचय नं : .................
शेयरधनी प्रमाणपत्र नं.: ...................................................... शेयर संख्या : .............................

नयाँ आयाम मल्टी-डिसिप्लिनरी इन्ष्टिच्युट प्रा.लि.को २०८२/१२/२९ आईतवार का दिन हुने चौथो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

.........................
शेयरधनीको हस्ताक्षर

...............
कम्पनी सचिव

**द्रष्टव्यः**

१. यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।
२. शेयरधनी आफैले खाली कोष्ठहरु भर्नु होला साथै सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र प्रस्तुत गर्नु अनिवार्य छ ।